# रोशी गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय
कटुञ्जेबेशी, काभ्रेपलाञ्चोक

बागमती प्रदेश, नेपाल

पत्र संख्या : ०७६/७७
चलानी नं. १६८६

मिति : २०७६।११।१५

---

**विषयः राष्ट्रपति रनिङ शिल्ड प्रतियोगितामा सहभागी हुने सम्बन्धमा।**

**श्री सवै सामुदायिक तथा संस्थागत माध्यमिक विद्यालयहरु**
**रोशी गाउँपालिका अन्तर्गत।**

प्रस्तुत विषयमा नेपाल सरकार युवा तथा खेलकुद मन्त्रालयको तत्वावधान तथा राष्ट्रिय खेलकुद परिषद्को संयोजकत्वमा हरेक वर्ष सञ्चालन हुने विद्यालयस्तरीय खेलकुद प्रतियोगिता एवम् राष्ट्रपति रनिङ शिल्ड प्रतियोगिता, रोशी गाउँपालिका स्तरीय राष्ट्रपति रनिङ शिल्ड प्रतियोगिता सञ्चालनार्थ मिति २०७६।११।१५ गते बसेको स्थानीय तहस्तरीय राष्ट्रपति रनिङ शिल्ड प्रतियोगिता व्यवस्थापन तथा निर्देशन समितिको बैठकको निर्णय अनुसार तपसिलको मिति, समय, स्थान र शर्तहरु बमोजिम प्रतियोगिता सञ्चालन हुने भएकोले राष्ट्रपति रनिङ शिल्ड प्रतियोगिता सञ्चालन निर्देशिका, २०७०(संशोधनसहित) बमोजिम त्यस विद्यालयमा माध्यमिक तहमा अध्ययनरत १८ वर्ष मुनिका विद्यार्थीहरुलाई खेलकुद प्रतियोगितामा सहभागी गराउनुहुन अनुरोध छ।

तपसिलः

1) प्रतियोगिता सञ्चालन हुने मितिः २०७६ साल फागुन २३, २४ र २५ गते।
2) स्थानः श्री रोशी माध्यमिक विद्यालयको खेल मैदान।
3) समयः विहान ११:०० वजे देखि
4) खेलमा सहभागीहुने विद्यार्थी चालु शैक्षिक सत्रमा १८ वर्ष पूरा नभएको, कक्षा १२ सम्म नियमित रुपमा अध्ययनरत र विद्यालयको iemis मा Entry भएको हुनुपर्नेछ।
5) सहभागी प्रत्येक खेलाडीले एक ट्र्याक दुई फिल्ड वा दुई फिल्ड एक ट्र्याकका खेलमा सहभागी हुने पाउनेछन्। रिले दौडमा २ ट्र्याक १ फिल्ड वा २ फिल्ड १ ट्र्याकको नियम लागु हुने छैन।
6) खेलमा सहभागी हुने विद्यार्थीहरुको फोटो सहितको विवरण आयोजक समितिले उपलब्ध गराएको फारम भरी उमेर खुल्ने कागजात(जन्मदर्ताको प्रमाणपत्र/नागरिकता प्रमाणपत्र/शैक्षिक योग्यताको प्रमाणपत्रको प्रतिलिपि) समेत संलग्न राखी मिति २०७६।११।२१ गतेसम्ममा सचिवालय(श्री रोशी मावि)मा दर्ता गराइसक्नुपर्नेछ।
7) खेलमा सहभागी हुने विद्यालय तथा खेलाडीको नाम सहितको खेल तालिका मिति २०७६।११।२२ गते कार्यालय समय भित्र प्रकाशन गरिनेछ।
8) प्रतियोगिताको उद्घाटनको दिन विद्यालयहरुले विद्यालयको झण्डा, व्यानरसहित खेलाडी पोशाक(ट्र्याक सुट)मा मार्चपासका लागि उपस्थित हुनुपर्नेछ।
9) प्रतियोगितामा समावेश गरिने खेलहरुः

   क) भलिबलः छात्र(प्रतिविद्यालय ९/९ जना खेलाडी)
   ख) कवड्डीः छात्र/छात्रा(प्रतिविद्यालय ९/९ जना खेलाडी)
   ग) एथ्लेटिक्स ट्र्याक(दौड) तर्फः

   छात्रः १००मि. , २०० मि., ४०० मि.

उमेश दाहाल
प्रमुख प्रशासकीय अधिकृत

रोशी गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय
कटुञ्जेबेशी, काभ्रेपलाञ्चोक
बागमती प्रदेश, नेपाल

पत्र संख्या : ०७६/७७
चलानी नं. १६२६

मिति : २०७६।११।१५

छात्रा: १०० मि., २००मि.
रिले दौड(छात्र/छात्रा): ४०० मि(प्रति खेल ४/४ जना),

घ) उफ्रने र प्याक्ने(फिल्ड) तर्फः

छात्रः हाइजम्प, लङ्जम्प र सटफुट(१२ पाउण्ड)(प्रतिखेल १/१ जना)
छात्राः हाइजम्प, लङ्जम्प र सटफुट(८ पाउण्ड) (प्रतिखेल १/१ जना)

नोटः प्रतियोगिता सम्बन्धी अन्य व्यवस्था राष्ट्रपति रनिङ शिल्ड प्रतियोगिता सञ्चालन निर्देशिका, २०७०(संशोधन सहित) बमोजिम हुनेछ। निर्देशिका www.moys.gov.np बाट डाउनलोड गर्न सकिनेछ।
अन्य जानकारीका लागि सम्पर्कः ९८५११२५८४५, ९८४१५१६५६१, ९८४९२९३१२८

.............................
(डम्बरु दाहाल)
प्रमुख प्रशासकीय अधिकृत

डम्बरु दाहाल
प्रमुख प्रशासकीय अधिकृत